**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**राजस्व सदस्य श्री गोविन्दप्रसाद अधिकारी**

**लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं**

**फैसला**

२०७९/०८० सालको निर्णय नं. १२७

पुनरावेदन नं. ०७५-RB-०३८५

पुनरावेदन दर्ता मितिः-२०७६।०३।०५

**मुद्दाः–मूल्य अभिबृद्धि कर (आ.व.२०७३/०७४)।**

त्रिवेणी स्पिनिङ मिल्स प्रा.लि.को तर्फबाट अख्तियार प्राप्त अध्यक्ष संचालक रामचन्द्र संघई..........................................................................................१ } पुनरावेदक

**विरुद्ध**

ठूला करदाता कार्यालय, ललितपूर.............................................................१ } प्रत्यर्थी
आन्तरिक राजस्व विभाग, काठमाडौं.........................................................१ }

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर प्रशासक श्री धनिराम शर्मा

शुरु कार्यालयको निर्णय मितिः–२०७५।०४।१३

**प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः- महानिर्देशक श्री विष्णुप्रसाद नेपाल

निर्णय मितिः- २०७५।१२।१७

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः- विद्वान् अधिवक्ताद्वय श्री सीताराम अग्रवाल र
श्री विकास अग्रवाल
प्रत्यर्थी कार्यालयहरुका तर्फबाटः- विद्धान् उप-न्यायाधिवक्ता श्री दिपक भण्डारी

**अवलम्वित नजीरः ×**

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।१२।१७ मा भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ (१) र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम यस न्यायाधिकरणमा पर्न आएको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छ।

**तथ्य खण्ड**

१. धागो उत्पादन तथा विक्रि वितरण गर्ने का.म.न.पा.२५, इन्द्रचोक, काठमाडौं, स्थित स्थायी लेखा नम्बर ३००१०२९०५ का करदाता श्री त्रिवेणी स्पिनिङ मिल्स प्रा.लि.को आ.व. २०७३/०७४ को कर परीक्षण सम्पन्न भै मिति २०७५।०३।२६ मा स्वीकृत भएको प्रतिवेदनको आधारमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० को उपदफा (१)(घ) बमोजिम मूल्य अभिवृद्धि कर निर्धारण गर्नको लागि मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) वमोजिम कर निर्धारण गरी, कर तथा जरिवाना समेत जम्मा रकम रू.२,०८,८७४।०० (अक्षरूपी दुई लाख आठ हजार आठ सय चौहत्तर रूपैयाँ मात्र)को च.नं.११६४७ बाट मिति २०७५।०३।२६ मा जारी भएको प्रारम्भिक कर निर्धारण आदेश।

२. उक्त रकम कर निर्धारण हुनु नपर्ने वा सोमा परिवर्तन गर्नु नपर्ने कुनै ठोस आधार वा सबूद/प्रमाण भए सो आदेश प्राप्त गरेको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा पेश गर्नु हुन अन्यथा नेपाल सरकारको सर्वसंचित कोषमा दाखिला हुने गरी रकम जम्मा गर्नु हुन भनी मिति २०७५।०३।२६ मा प्रारम्भिक कर निर्धारण आदेश जारी गरिएको।

३. ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट मिति २०७५।०३।२६ मा लिखित सूचना जारी गरिएकोमा उक्त पत्र करदाताले मिति २०७५।०३।२७ मा बुझी लिई सो को जवाफ मिति २०७५।०४।०३ मा पेश गरेको।

४. कार्यालयको मिति २०७५।०३।२६ च.नं.११६४७ को प्रारम्भिक कर निर्धारण आदेश अनुसारको कर र जरिवाना समेतको जम्मा रकम रू.२,०८,८७४।०० (अक्षेरूपी दुई लाख आठ हजार आठ सय चौहत्तर रूपैयां मात्र) मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१)(घ) तथा दफा २०(१)(ञ) बमोजिम कर निर्धारण गर्ने र उक्त आदेशको मिति भन्दा पछिको लागि मूल्य अभिवृद्धि कर ऐन, २०५२

को दफा १९(२) बमोजिम थप दस्तुर एवं दफा २६ बमोजिम ब्याज लाग्ने भए कम्प्युटर प्रणालीबाट सो समेत गणना गरी मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट मिति २०७५।०४।१३ मा खडा भएको निर्णय पर्चा।

५. श्री त्रिवेणी स्पिनिङ मिल्स प्रा.लि.ले पेश गरेको जवाफ तथा प्रमाण कागजातहरु समेतको मूल्याकंन गर्दा निम्नानुसारको कर रकम रु.२,०८,८७४।०० (अक्षेरूपी दुई लाख आठ हजार आठ सय चौहत्तर रूपैयां मात्र) तिर्नु पर्ने देखिन आएको छ। उक्त रकम यो आदेश जारी भएको मितिले १५ दिन भित्र नेपाल सरकारको सर्वसंचित कोषमा दाखिला आएको हुने गरि पुल्चोक स्थित एभरेष्ट बैंक/नगत दाखिला गर्नु, यो आदेश जारि भएको मितिले १५ दिन भित्र कर नबुझाएमा जरिवाना, थप दस्तुर तथा ब्याज लाग्ने छ भन्ने समेत व्यहोराको मिति २०७५।०४।१४ च.नं.१०५५ ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट करदाताको नाममा जारी भएको अन्तिम कर निर्धारण को सूचना।

६. ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट मूल्य अभिवृद्धि कर तर्फ आ.व. २०७३/०७४ को लागि करदाताको नाममा जारी भएको संशोधित कर निर्धारण आदेशमा चित्त नवुझाई करदाता श्री त्रिवेणी स्पिनिङ मिल्स प्रा.लि.ले प्रशासकीय पुनरावलोकनको लागि मिति २०७५।०५।१४ मा आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाडौंमा पेश गरेको निवेदन पत्र।

७. थप विक्री कायम गरी कर निर्धारण भएको सम्बन्धमा दुवै पक्षको कारोवार छानविन, विश्लेषण एवं भिडान गरी कार्यालयबाट पुनः संशोधित कर निर्धारण गर्नुपर्ने ठहर्छ, साथै मूल्य अभिवृद्धि कर ऐन (संशोधित सहित), २०५२ बमोजिम लाग्ने १३ प्रतिशत कर, सो को सोही ऐनको दफा २९(१क) बमोजिम २५ प्रतिशत जरिवाना समेत गणना गरी सोही ऐनको दफा २०(१)(ज) बमोजिम कार्यालयबाट भएको कर निर्धारण कानून सम्मत देखिएकोले निवेदकको निवेदन जिकीर नपुग्ने ठहर्छ भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।१२।१७ मा खडा गरेको निर्णय पर्चा।

८. यसमा पुनरावेदक करदाताले विक्री घटी देखाएको पेश भएको विवरण सत्य भएकोले थप विक्री कायम गर्न मिल्दैन साथै करदाता पुनरावेदकको कम्पनीले निर्माण गरेको भवन सन्दर्भमा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ८(३) आकर्षित हुन सक्दैन। पुनरावेदकबाट गराइएको निर्माण कार्य कुनै अर्पाटमेन्ट, सपिङ कम्प्लेक्स वा व्यवसायीक प्रयोजनको लागि विक्री गर्ने उद्देश्य लिई निर्माण गराएका नभइ कम्पनीको आवश्यकता र उद्देश्यको पूर्ति गर्न भवन निर्माण कार्य भएको थियो। कस्तो किसिमको संरचनामा दफा ८(३) आकर्षित हुन्छ**?** सो व्यवस्था दफा ८(३) ले गरेको

अवस्था हुँदा हुँदै सो को विपरीत गई सम्पूर्ण संरचनामा दफा ८(३) आकर्षित हुने व्यहोराको निर्धारण आदेश जारी गर्न नमिल्ने हुँदा पुनरावेदकको नाममा जारी गरिएको कर निर्धारण आदेश त्रुटीपूर्ण रही बदरभागी रहेको छ। पुँजिकृत गरिएको मूल्य अभिबृद्धि कर नलाग्ने सेवा वा वस्तुको खरिदमा मूल्य अभिबृद्धि कर लाग्ने र असुल उपर गर्न नमिल्ने भएकोले विपक्षीबाट भएको प्रस्तुत अन्तिम कर निर्धारण आदेश तथा आन्तरिक राजस्व विभागको निर्णय समेतलाई बदर गरी अन्तिम कर निर्धारण आदेश र निर्णयसमेत अनुसारको कर, जरिवाना तिर्न नपर्ने गरी न्याय ईन्साफ गरी पाउँ भन्ने समेत व्यहोराको मिति २०७६।०३।०५ मा यस न्यायाधिकरणमा पेश गरेको पुनरावेदन पत्र।

९. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४० को उपदफा (३) वमोजिम छलफल प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालय काठमाडौंलाई पेशीको सूचना दिइ नियमानुसार पेश गर्नु भन्ने मिति २०७६।०७।०६ मा यस न्यायाधिकरणबाट भएको आदेश।

## ठहर खण्ड

१०. नियम बमोजिम पेशी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता त्रिवेणी स्पिनिङ मिल्स प्रा.लि.को तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताद्वय श्री सिताराम अग्रवाल र श्री विकास अग्रवालले ठूला करदाता कार्यालयबाट पुनरावेदक करदाताको हकमा भएको मूल्य अभिबृद्धि कर तर्फ अन्तिम कर निर्धारणको आदेश मिलेको नहुँदा बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान उप-न्यायाधिवक्ता श्री दिपक भण्डारीले शुरु कार्यालयबाट भएको अन्तिर कर निर्धारणको आदेश तथा सोही आदेशलाई सदर गरी अन्तरिक राजस्व विभागका महानिर्देशकले गरेको निर्णय समेत कानुन सम्मत नै रहेको देखिँदा सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

११. पुनरावेदक करदाताबाट लिइएको पुनरावेदन जिकिर, दुवै तर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालयले आ.व २०७३/०७४ को मूल्य अभिबृद्धि करतर्फ अन्तिम कर निर्धारण गरेको मिति २०७४।०४।१३ को निर्णय उपर प्रशासकिय पुनरावलोकनको निर्णय सुनी थप विक्री कायम गरी कर निर्धारण गरेको सम्बन्धमा पुनःकर निर्धारण गर्नुपर्ने र मूल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा ८(३) बमोजिम कर निर्धारण गरेको निर्णयसम्म सदर गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।१२।१७ मा भएको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको जिकिर पुग्न सक्छ, सक्दैन भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१२. सर्वप्रथम सहकर्मी लेखा सदस्यले प्रस्तुत मुद्दामा करदाताले राख्नुपर्ने धरौटी रकमको सम्बन्धमा फरक राय प्रकट गर्नु भएकोले पुनरावेदक करदाताले यस न्यायाधिकरणमा

यो पुनरावेदन दर्ता गर्दा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१) को परिपालना गरेको देखिन्छ वा देखिदैन भन्ने प्रश्न तर्फ विचार गर्नुपर्ने देखियो। राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा **"प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन अन्तर्गत न्यायाधिकरणमा पुनरावेदन गर्दा देहाय बमोजिम धरौटी नराखी पुनरावेदन लाग्ने छैन"** भन्ने कानूनी व्यवस्था गर्दै खण्ड (क) मा **"कर निर्धारण भएकोमा निर्धारित करको पचास प्रतिशत रकम र जरिवाना भएकोमा जरिवानाको रकम र दुवै भएकोमा निर्धारित करको पचास प्रतिशत रकम र जरिवानाको रकम त्यस्तो निर्धारण गर्ने वा जरिवाना गर्ने अधिकृतले नै तोकिदिएको कार्यालयमा"** भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। उक्त कानूनी व्यवस्था बमोजिम धरौटी राखेको सम्बन्धमा करदाताले पुनरावेदन पत्रको प्रकरण नं.७ को खण्ड (क) मा निर्धारित करको आधि भन्दा बढी रू.१,०५,०००।— दाखिल गरेको बैंक भौचर यसै साथ पेश गरेको भन्ने व्यहोरा लेखी  मिति २०७५।०५।१२ को बैक भौचरको प्रति समेत संलग्न गरेको देखियो। प्रस्तुत मुद्दामा कर निर्धारण रकम रु २,०८,८७४।- रहेको र धरौटी वापत दाखिल गरेको रकम रु. १,०५,०००।- भई विवादित कर रकमको पचास प्रतिशत रकम भन्दा बढी रकम जम्मा भएको मिसिलबाट देखियो। रकम जम्मा गर्दा धरौटी खातामा जम्मा नगरी राजश्व खातामा जम्मा भएको कारणले मात्र करदाताले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१)(क) को परिपालना नगरेको भन्नु न्यायोचित हुने देखिएन।

१३. पुनरावेदक करदाताको पुनरावेदन पत्र हेर्दा, पहिलो पुनरावेदन जिकीर थप विक्री कायम गरी कर निर्धारण गरेको निर्णय मिलेन भन्ने रहेको देखियो। करदाताले प्रशासकीय पुनरावलोकनको निवेदनमा माग गरे वमोजिम नै दुवै पक्षको कारोवार छानविन, विश्लेषण एवं भिडान गरी ठूला करदाता कार्यालयबाट पुनः संशोधित कर निर्धारण गर्नुपर्ने ठहऱ्याई विभागको महानिर्देशकबाट निर्णय भएको देखिँदा उक्त निर्णय वमोजिम पुनः कर निर्धारण हुने नै हुँदा सो शीर्षकमा यस न्यायाधिकरणमा पेश गरेको पुनरावेदन पत्रमा लिएको जिकीर औचित्यपूर्ण नदेखिँदा यस सम्बन्धमा विचार गरिरहनु परेन।

१४. अब मूल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा ८(३) बमोजिम कर निर्धारण गरेको मिलेन भन्ने अर्को पुनरावेदन जिकिरतर्फ दृष्टीगत गर्दा, पुनरावेदकबाट गराइएको निर्माण कार्य कुनै अर्पाटमेन्ट, सपिङ कम्प्लेक्स वा व्यवसायीक प्रयोजनको लागि विक्री गर्ने उद्देश्य लिई निर्माण गराएका नभइ कम्पनीको आवश्यकता र उद्देश्यको पूर्ति गर्न भवन निर्माण कार्य भएको हुँदा मूल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा ८(३)बमोजिम व्यावसायिक प्रयोजनको निर्माण संरचना भित्र नपरेकोले कर निर्धारण गर्न मिल्दैन भन्ने पुनरावेदन जिकीर रहेको देखिन्छ। मूल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा ८(३)मा **"व्यावसायिक प्रयोजनको लागि निर्माण गरिने पचास लाख**

**रूपैयाँभन्दा बढीको भवन वा अर्पाटमेन्ट वा सपिङ कम्पेलेक्स वा विभागले तोकेको यस्तै प्रकारका अन्य संरचना दर्ता नभएको व्यक्तिबाट निर्माण गराएको भए तापनि त्यस्तो निर्माण दर्ता भएको व्यक्तिबाट गराए सरह मानी कर दाखिला गर्नु पर्नेछ। त्यसरी दाखिला नगरेमा सो संरचनाको स्वामित्व रहेका व्यक्तिबाट कर निर्धारण गरी असुल उपर गरिनेछ"** भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। आ.व. २०७३/०७४ मा करदाताले भवन निर्माण गर्दा लागेको लागत रू.८०,८०,१४४।२६ पुँजीकृत गरेको तथ्यमा विवाद देखिएन। उक्त लागत मध्ये रू.७०,८४,९२३।३६ को विलविजक मूल्य अभिबृद्धि करमा दर्ता भएको पक्षबाट मूल्य अभिबृद्धि कर बुझाई खरिद गरेको देखियो भने रू.९,९५,२२०।९० को सम्बन्धमा मूल्य अभिबृद्धि कर बुझाएको देखिएन। करदाताले शुरु कर कार्यालयमा निर्माण सम्बन्धी सानोतिनो मालसामान कर छुटमा पनि खरिद भइ रहेकोले मालसामान मूल्य अभिबृद्धि करमा खरिद गर्न सकिदैन भन्ने प्रतिकृया सहितको जवाफ दिएको देखियो। उक्त जवाफ कानुन सम्मत नदेखिएको र करदाताको हकमा मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) आकर्षित हुने नै अवस्था देखिन आयो। साथै, निर्माण गर्ने संरचनामा प्रयोग हुने निर्माण सामाग्री आफ्नै उत्पादन र आफैसंग भएको मौज्दातबाट प्रयोग गरेको र मूल्य अभिबृद्धि कर दाखिला गरेको छैन भने त्यस सरचनाको बजार मूल्य अनुसार लागत कायम गरी मूल्य अभिबृद्धि कर असुल गर्नु पर्ने समेत देखिन्छ। पुनरावेदक करदाताले उल्लेख गरेका खर्चहरूलाई लागत मूल्यमा समावेश गरी कर असुल गर्नुपर्ने नै हुँदा मूल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा ८(३)बमोजिम व्यावसायिक प्रयोजनको निर्माण संरचना भित्र नपरेको र रू ५० लाख भन्दा कम भएको भनी लिएको पुनरावेदन जिकीरसंग सहमत हुन सकिएन।

१५. अतः माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट पुनरावेदक करदाता त्रिवेणी स्पिनिङ्ग मिल्स प्रा.लि. (स्थायी लेखा नं. ३००१०२९०५) को ठ्ला करदाता कार्यालयले आ.व २०७३/०७४ को मूल्य अभिबृद्धि करतर्फ अन्तिम कर निर्धारण गरेको मिति २०७४।०४।१३ को निर्णय उपर प्रशासकिय पुनरावलोकनको निर्णय सुनी थप विक्री कायम गरी कर निर्धारण गरेको सम्बन्धमा पुनःकर निर्धारण गर्नुपर्ने र मूल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा ८(३) बमोजिम कर निर्धारण गरेको निर्णयसम्म सदर गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।१२।१७ मा भएको निर्णय मिलेकै देखिँदा सदर हुने ठहर्छ । अरुमा तपसिल बमोजिम गर्नू।

<u>तपसिल खण्ड</u>

१. फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकिल कार्यालय काठमाडौलाई दिनू।

२. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।

३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरू मिसिल ठूला करदाता कार्यालय,ललितपुरमा पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

गोविन्दप्रसाद अधिकारी
(राजस्व सदस्य)

**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईंको फरक राय**

१. ठूला करदाता कार्यालय ललितपुरका प्रमुख कर प्रशासक श्री धनिराम शर्माबाट भएको मिति २०७५।०४।१३ को निर्णय र प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५।०५।१४ मा दिएको निवेदन उपर आन्तरिक राजश्व विभागका महानिर्देशक श्री विष्णु प्रसाद नेपालबाट मिति २०७५।१२।१७ मा भएको निर्णय उपर चित्त नबुझि मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा ३३ तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पर्ने प्रस्तुत मुद्दा ऐ. ऐनको दफा ९ को उपदफा (१) बमोजिम निर्धारित (विवादित) कर रु.२,०८,८७४।- को पचास प्रतिशतले हुने रु.१,०४,४३७।- पुनरावेदन धरौटी दाखिला भए/नभएको तथा पुनरावेदन पत्रमा विवादित कर उल्लेख गरे/नगरेको धरौटी रकम पुगे/नपुगेको यकिन समेत नगरी स्रेस्तेदारबाट स्वीकृत भई मिति २०७६।०३।०५ मा पुनरावेदन दर्ता भएको पाइयो ।

२. राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा २, ३, ५, ६, ९ र १४ क्रमशः परिभाषा, स्थापना र गठन, अधिकारक्षेत्रको प्रयोग, अधिकारक्षेत्र, पुनरावेदन सम्बन्धमा धरौट राख्ने र म्याद र न्यायाधिकरणमा पुनरावेदन लाग्ने मुद्दाहरुको शुरु कारवाही र किनारा गर्ने अड्डा वा अधिकारीलाई पक्ष र साक्षी झिकाउने, बयान लिने, प्रमाण बुझ्ने, कागजपत्र दाखिल गराउने र दण्ड सजाय गर्ने समेत प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुने कानूनी व्यवस्था गरेको छ । साथै यो ऐनको

प्रभावकारी कार्यान्वयन गर्न र ऐनको उद्देश्य पूर्ति गर्नको लागि नेपाल सरकारले नियम बनाउन सक्ने व्यवस्था दफा १५ मा गरिएको छ ।४८ वर्ष पहिले विक्रम सम्बत २०३१ सालमा बनेको ऐनमा भएको व्यवस्था कार्यान्वयन गर्न नियम नबनाइनु ऐनमा भएका उल्लिखित दफाहरुमा न्यायाधिकरणको काम, कर्तव्य, विधि र प्रकृया स्पष्ट भएर नै हो भन्ने बुझ्नु पर्ने भयो । न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्दा र दर्ता भएका मुद्दाहरुको सुनुवाई गर्नु भन्दा पहिले प्रारम्भिक चरण मै दफा ६ बमोजिमको न्यायाधिकरणको अधिकार क्षेत्र र दफा ९ बमोजिमको पुनरावेदन दर्ता गर्न दाखिल गर्नु पर्ने धरौट र पुनरावेदनको म्याद ऐनमा भएको व्यवस्था अनुसार भए नभएको यकिन गर्नु पर्ने देखियो । करदाता पुनरावेदकले पुनरावेदन पत्रमा न्याय निरोपणका लागि दावी गरेका, प्रत्यर्थीले भन्सार महशुल र कर निर्धारणमा गर्दा भए/गरेका कानूनी त्रुटीहरुको सुनुवाई गर्न मुद्दाको प्रत्यर्थी नेपाल सरकारलाई स्वच्छ सुनुवाइका लागि जानकारी दिई झिकाउनु पर्ने प्रचलित कानूनमा व्यवस्था गरिएको छ । न्यायाधिकरण प्रशासनले पुनरावेदन दर्ता गर्दा यस ऐन बमोजिम पुर्याउनु पर्ने रित र पुनरावेदकले पुनरावेदन पत्र साथ पेश गर्नु पर्ने पुनरावेदन धरौटी, म्याद भए रहेको प्रमाण र नेपाल सरकारले तोकेको भौगोलिक क्षेत्र भित्रको भए नभएको सम्बन्धमा न्यायाधिकरणले मिसिलको प्रारम्भिक अध्ययन गरी यकिन गर्नु पर्ने देखियो। प्रचलित ऐन नियममा तोकिएका सबै विधि र रित पुऱ्याई दर्ता भए/नभएको सम्बन्धमा समग्र न्यायाधिकरणको जिम्मेवारी हुने देखिन्छ । ऐनको दफा ९ बमोजिमको धरौटी भए/नभएको यकिन गर्ने काम राजस्व तथा लेखा सदस्यले गर्नु पदीय विज्ञता र अनुभवका आधारमा गर्नु पर्ने देखिन्छ। यस सम्बन्धमा लेखा सदस्य र निमित्त अध्यक्षको हैसियत राजस्व न्यायाधिकरण काठमाण्डौको क्रमशः चलानी नं. १५६६ मिति २०७७।१२।१३ को पत्र र चलानी नं. मुद्दा फाँट५९ मिति २०७८।११।१३ को पत्रबाट न्यायाधिकरण प्रशासनलाई धरौटी गणना तथा धरौटीको प्रमाण मिसिल संलग्न गर्न गराउन लिखित निर्देशन दिई सम्मानीत सर्वोच्च अदालत, सार्वजनिक लेखा समिति, सम्मानीय प्रधानन्यायाधीशज्यू, न्याय परिषद्, न्याय सेवा आयोग, महालेखा परीक्षक र अर्थ मन्त्रालय समेत निकायमा वोधार्थ दिएको उक्त पत्रहरुमा उल्लेख गरी तोकिएका कामहरु भएको मिसिल अध्ययन गर्दा देखिएन। प्रचलित कानूनले तोके बमोजिमका सबै विधि र प्रकृया सम्पन्न भएको यकिन गरेर मात्र अन्तिम सुनुवाइ गरी फैसला गरिने र प्रकृयागत त्रुटी भएको देखिएमा विषय विज्ञको राय बमोजिम निर्णय गर्नु उचित हुने व्यहोरा तथा राजस्व, धरौटी, विनियोजन, कोष, आय, व्यय, डेविट, क्रेडिट, वासलात, नाफा/नोक्सान खाता सर्वसञ्चित कोषमा दाखिला हुने रकम, धरौटी खातामा दाखिला गर्नु पर्ने रकम आदि विषयका सम्बन्धमा लेखा सदस्यले प्रचलित कानूनमा भएको व्यवस्था सहित निर्णयमा पुग्नू अघि आफ्नो राय लिखित रुपमा उल्लेख गर्नु ऐनको दफा ३ को उपदफा (३) को देहाय (क) मा

रहेको पद नामको कर्तव्य भित्र पर्ने व्यहोरा समेत फैसलाको तथ्य खण्डमै उल्लेख गर्नु पर्ने देखियो ।

३. यसै गरी राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिमको धरौटी दाखिला नगरी पुनरावेदन दर्ता भएका मुद्दाहरुको फैसला भएमा ऐ. ऐनको दफा ८ अनुसार सर्वोच्च अदालतमा पुनरावेदन दिन पाउने हक अधिकारबाट करदाता पुनरावेदक बञ्चित भई फैसलामा "अधिकारक्षेत्रको प्रश्न बुझ्नु पर्ने प्रमाण नबेझेको वा बुझ्नु नहुने प्रमाण बुझेको वा बाध्यात्मक रुपमा पालन गर्नु पर्ने कार्यविधिसम्बन्धी कानूनको उल्लंघन भएको प्रन र गम्भीर कानूनी त्रुटी सम्बन्धी प्रश्न" उठि प्रत्यक्ष कानूनी त्रुटी भई न्यायाधिकरणको निर्णय पूर्ण वा आंशिक रुपमा उल्टिने देखी सर्वोच्च अदातलले आफू समक्ष पुनरावेदन गर्न अनुमति दिएकोमा न्यायाधिकरणको फैसला वा अन्तिम आदेश उपर दफा ९ बमोजिमको धरौटी नराखी वा तोकिए बमोजिमको सम्पूर्ण रकम धरौटी खातामा रकम दाखिला नगरी पुनरावेदन दर्ता गर्दा वा दर्ता भएको पुनरावेदन उपर फैसला हुँदा कार्यविधि सम्बन्धी बाध्यकारी कानूनी व्यवस्थाको उल्लंघन हुनगई सर्वोच्च अदालतमा पुनरावेदन लागि करदाताको हितमा प्रतिकुल असर पर्ने समेत देखिएकोले पछि पुष्टी हुने मिसिल संलग्न तथ्य, कानूनी व्यवस्था र सर्बोच्च अदालतबाट भन्सार विभाग तथा आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकका लागि दाखिला गर्नु पर्ने भन्सार महशुल बापतको रकम र राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्न राख्नु पर्ने धरौटी रकम सम्बन्धमा भएको विवादमा भएका पूर्व फैसला, आदेश र निर्णय समेत हेरी निम्न बमोजिम विषयमा यकिन गरेर मात्र निर्णयमा पुग्नु पर्ने देखियो ।

क) राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ बमोजिम न्यायाधिकरणको अधिकार क्षेत्र भित्र परेको प्रस्तुत पुनरावेदन दर्ता गर्दा दाखिल गर्नु पर्ने दफा ९ को उपदफा (१) बमोजिमको धरौटी दाखिल भएको छ ? छैन ?

ख) ऐ. दफाको उपदफा (१) बमोजिम मूल्य अभिवृद्धि कर तर्फको पुनरावेदन दर्ताका लागि तोकिएको देहायको खण्ड (क) बमोजिम धरौटी नराखी दर्ता भएको पुनरावेदनको तथ्य भित्र प्रवेश गरी निर्णय गर्नुको औचित्य हुने ? नहुने ? सम्बन्धमा निर्णय गरी फैसला गर्नु पर्ने देखिन आयो ।

४. प्रस्तुत मुद्दाको पुनरावेदन दर्ता गर्दाका वखत राख्नु पर्ने धरौटी दाखिला भएको नदेखिएको सन्दर्भमा पुनरावेदक तथा प्रत्यर्थी तर्फका विद्वानलाई म लेखा सदस्यबाट धरौटी रकम दाखिला भएको देखिएन भनि प्रष्ट पार्न अनुरोध गर्दा पुनरावेदकको तर्फका विद्वान अधिवक्ता श्री विकास अग्रवालबाट निर्धारित करको तोकिए अनुसारको रकम अग्रिम दाखिला भएकोले सोको आधारमा पुनरावेदन दर्ता भएको हो भन्ने बहस र प्रत्यर्थी तर्फका विद्वान उपन्यायाधिवक्ता श्री दिपक भण्डारीबाट राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को

उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने विवादित कर रकमको पचास प्रतिशतले हुने धरौटी रकम दाखिला गरेको देखिएन। सो सम्वन्धमा सम्मानित इजलासबाट यकिन गरी नियमानुसार हुने नै छ भन्ने बहस समेत सुनियो ।

५. करदाता पुनरावेदकले पुनरावेदन पत्र दर्ता गर्दा पेश गरेका मिसिल सम्लग्न कागजात तथा कर निर्धारणको फोटोकपी पत्र र अप्रमाणित फोटोकपी भौचरहरु हेर्दा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिम धरौटी नराखि पुनरावेदन दर्तै नलाग्ने प्रस्तुत पुनरावेदन दर्ता भएको हो होइन यकिन गर्न मिसल सम्लग्न प्रमाण कागजातको थप अध्ययन गर्नु पर्ने देखियो ।

६. मिसिल सम्लग्न प्रचलित कानून अनुसार पुनरावेदन पत्र साथ पेश गर्नु पर्ने प्रमाण कागजातको अध्ययन गर्दा पुनरावेदक करदाता त्रिवेणी स्पिनिङ्ग मिल्स प्रा.लि पिपरा बारा (स्थायी लेखा नं.३००१०२९०५) को मू.अ.कर (२०७३/०७४) तर्फको मुद्दामा मूल्य अभिवृद्धि कर ऐन,२०५२ दफा ३३ तथा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) खण्ड (क) मा भएको व्यवस्था अनुसार पुनरावलोकनका लागि निवेदन दिँदा र पुनरावेदन पत्र दर्तागर्दा दाखिल गर्नु पर्ने राजस्व तथा धरौटी सम्बन्धमा प्रचलित ऐन तथा नियमहरुमा भएको व्यवस्था सम्बन्धमा सर्वोच्च अदालतबाट २०६३-WS-००१३ देखि २०६३-WS-००१७ समेतका रिट तथा ०७२-RB-०४७० आयकर मुद्दामा भएको व्याख्या, विश्लेषण र प्रतिपादित सिद्धान्त अनुसार समेत राख्नु पर्ने ठहरिएको च.नं. १०५५ मिति २०७५।०४।१४ को पत्रानुसारको निर्धारित (विवादित) कर रु.२,०८,८७४।- को क्रमशः राजस्व एक तिहाई र धरौटी ५० प्रतिशत समेत रु.१,७४,०६१।६७ दाखिला प्रमाण मिसिल संलग्न गरेको देखिएन। प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएको मिति २०७५।०५।१४ पश्चात राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) अनुसार पचास प्रतिशतले हुने धरौटी रु.१,०४,४३७।- धरौटी राख्नु पर्नेमा सो दाखिला गरेको प्रमाण मिसिल सम्लग्न नभएकोले रु.१,०४,४३७।- धरौटी अपुग देखिएको छ।

७. राजस्व न्यायाधिकरणमा करदाताले पुनरावेदन दर्ता गर्न दाखिला गर्नु पर्ने रकम सम्बन्धमा प्रचलित ऐन तथा नियमहरुमा भएको व्यवस्था अनुसार प्रशासकीय पुनरावलोकनका लागि निवेदन दर्ता गर्दा दाखिला गर्नु पर्ने राजस्व (कर) रकम र राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने धरौटी कर निर्धारण गर्ने अधिकृतले तोकिदिएको कार्यालयमा अनिवार्य रुपमा राख्नु पर्ने र धरौटी नराखी पुनरावेदन लाग्ने छैन भनि राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा स्पष्ट उल्लेख छ। प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिनु अघि राजस्व शिर्षक मार्फत संघीय सर्वसञ्चित कोषमा दाखिला भई रोक्का समेत

नराखेको रकमलाई धरौटीको रुपमा गणना गर्नुलाई प्रचलित कानूनको पालना भएको मान्न सकिएन। राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्दा राख्नै पर्ने धरौटी कर कार्यालयले सम्बन्धित करदाताको तिर्नु पर्ने कर दायित्वमा स्वतः प्रणाली (System) ले मिलान गर्ने भएकोले राजस्व खातामा दाखिला भएको त्यस्तो रकमलाई धरौटीको रुपमा गणना गर्दा एउटै रकमको दोहोरो गणना हुने हुन्छ। राजस्व खातामा दाखिला भएको रकम रोक्का राख्ने स्वफ्टवेयर प्रणाली आन्तरिक राजस्व विभाग/कार्यालयमा नभएको र राजस्वको फोटोकपी अप्रमाणित भौचर पेश गरेको अवस्थामा त्यस्तो भौचर तथा पत्रमा उल्लेख गरेको रकमलाई धरौटी हो भनि पुनरावेदन दर्ता गर्दा दाखिला गर्नु पर्ने धरौटी हो भनि गणना गर्न मिल्ने देखिएन। अतः धरौटी सम्बन्धी विवादमा सर्वोच्च अदालतबाट संवैधानिक परीक्षण भई जारी भएका निम्न उत्प्रेषण आदेश, प्रतिपादित नजिर तथा सिद्धान्त समेतको विश्लेषण गरी संक्षिप्त तथ्य सहित प्रस्तुत मुद्दाको ठहर यस प्रकार रहेको छः-

८. मूल्य अभिवृद्धि कर ऐन,२०५२ बमोजिम शुरु कार्यालयबाट निर्धारित (विवादित) कर रकमको पचास प्रतिशतले हुने रकम र जरिवानाको रकम त्यस्तो निर्धारण गर्ने वा जरिवाना गर्ने अधिकृतले तोकिदिएको कार्यालयमा धरौटी नराखी पुनरावेदन लाग्ने छैन भन्ने व्यहोरा राजस्व न्यायाधिकरण ऐन¸२०३१ को दफा ९ को उपदफा (१) को (क) मा स्पष्टसँग उल्लेख छ। ऐनको सो व्यवस्था बमोजिम पुनरावेदन पत्र दर्ता गर्न राख्नु पर्ने धरौटी आर्थिक कार्यविधि नियमावली¸२०६४को नियम ६२, हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६३ बमोजिमको धरौटी खातामा दाखिला गरी पुनरावेदन दर्ता गर्दाका बखत राखिएको धरौटीको गोश्वारा र व्यक्तिगत धरौटी खातामा अभिलेखाङ्कन गरी अद्यावधिक गरी राख्नु पर्ने हुन्छ। आर्थिक कार्यविधि नियमावली¸२०६४ को नियम ६३ हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६२ को देहाय खण्ड (क) मा नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व अग्रिम रुपमा बुझाउन र खण्ड (ख) मा नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व कति बुझाउनु पर्ने भन्ने निर्णय नहुँदै त्यस्तो राजस्व रकम अग्रिम रुपमा बुझाउनु परेमा धरौटीको रुपमा राख्नु पर्ने उल्लेख छ।

९. राजस्व न्यायाधिकरण ऐन¸२०३१ को दफा ९ को उपदफा (१) मा उल्लेख भए अनुसार पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने धरौटी रकम सन्दर्भमा सम्मानित सर्वोच्च अदालतमा सूर्य टोवाको कम्पनी प्रा.लि. को तर्फबाट सञ्चालक हर्ष एम दर र ऐ. कम्पनीको शेयरवाला शशीराज पाण्डे समेत विरुद्ध राजस्व न्यायाधिकरण काठमाण्डौ समेत भएको राजस्व न्यायाधिकरण ऐन¸२०३१ को दफा ९ को उपदफा (१) को खण्ड (ख) को व्यवस्था संविधानको धारा ७३ समेत सँग बाझिएकोले धारा ८८ को उपधारा (१) अनुसार अमान्य र बदर घोषित गरिपाउन भनी दिएको रिट नं.

२०६३-WS-००१३, २०६३-WS-००१४, २०६३-WS-००१५, २०६३-WS-००१६ र २०६३-WS-००१७ समेतका रिट निवेदनम “राजस्व न्यायाधिकरणका श्रेस्तेदारको मिति २०६४।१२।८ को दरपीठ आदेश र उक्त दरपीठ सदर गरेको राजस्व न्यायाधिकरणको आदेश बदर गरी विना धरौटी पुनरावेदन पत्र लिई कानून बमोजिम निर्णय गर्नु भन्ने राजस्व न्यायाधिकरणका नाउँमा परमादेश जारी गरी पाऊँ, अन्तःशुल्क ऐन,२०५८ को दफा २३ मा महानिर्देशकको निर्णय उपर पुनरावेदन गर्दा धरौटी राख्नु पर्ने कुनै कानूनी व्यवस्था नगरिएको तथा ऐनको दफा २४ ले यस ऐनलाई अन्य कानून भन्दा माथिल्लो स्तरमा राखेकोले ऐनको सर्वोच्चताका आधारमा पनि धरौटी राख्नु पर्ने राजस्व न्यायाधिकरण ऐन¸२०३१ को दफा ९ को उपदफा (१) खण्ड (ख) को व्यवस्था संविधानको धारा ७३ समेतसँग बाझिएकोले धारा ८८ को उपधारा (१) अनुसार अमान्य र बदर घोषित गरी प्रस्तुत निवेदनलाई अग्राधिकारमा पेशी चढाई पाउँ” भन्ने दावी रहेकोमा सो दावीका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको मिति २०६६।१२।१९ मा "संविधानमा रहेको 'कानून बमोजिम बाहेक कर लगाउन वा ऋण लिन नपाइने' भन्ने वाक्यांशसँग बाझिएको भन्ने देखिन आएन, अमान्य र बदर घोषित गरी पाउँ भनी दावी लिएको राजस्व न्यायाधिकरण ऐन¸ २०३१ को दफा ९ को उपदफा (१) को व्यवस्था संविधानको कुनै पनि प्रावधानसँग बाझिएको नदेखिंदा सो हदसम्म प्रस्तुत निवेदन खारेज हुन्छ" भन्ने आदेश भई रिट निवेदन खारेज भई ऐनको दफा ९ को कानूनी व्यवस्थाको संवैधानिक परीक्षण समेत भएको छ।

१०. यसै गरी राजस्व न्यायाधिकरण काठमाण्डौमा पुनरावेदन दर्ता नं ०७५-RB-०२३० आयकर (२०७०/०७१) दर्ता भएको आयकर ऐन,२०५८ को दफा १०१ को उपदफा (१) बमोजिम लक्ष्मी स्टिल्स प्रा.लि. को संशोधित कर निर्धारण भई थप कर निर्धारण भएकोमा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) बमोजिमको धरौटी राखी पुनरावेदन गर्नु पर्नेमा मिसिलमा संलग्न दाखिला भौचर तथा आयकर ऐन,२०५८ को दफा १०२ बमोजिमको सूचना पत्र समेतका विवरणहरुका आधारमा रु.५१,७८,७४६।७० नपुग भएको देखिएको धरौटी रकम १५ दिन भित्र जम्मा गर्न लगाई आदेश बमोजिमको काम सम्पन्न भएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्ने भन्ने यसै न्यायाधीकरणबाट आदेश भएको छ। सो आदेश उपर लक्ष्मी स्टिल्स प्रा.लि.ले सर्वोच्च अदालतमा दायर रिट नं. ०७७-WO-००४२ को निवेदन उपर मिति २०७७।४।१६ मा सर्वोच्च अदालतबाट जारी भएको उत्प्रेषण आदेश अनुसार सो मुद्दाको हकमा आयकर ऐन,२०५८ बमोजिम अनिवार्य रुपमा दाखिला गर्नु पर्ने ऐ ऐनको दफा ९४, ९९, १००,१०१ र दफा ३१क को उपदफा (६) मा तोकिए अनुसार समेत कर राजस्व खातामा दाखिला गरी आय विवरणसाथ दाखिला भएको देखिएको रु.७६,३५,६१४।- भएको सन्दर्भमा हेर्दा मिति

२०७६।११।१२ को *(शुल्क र व्याजलाई जरिवाना मानी सो रकमको राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) को खण्ड (क) बमोजिम शतप्रतिशत धरौटी माग गर्दा पचास प्रतिशत मात्र धरौटी राख्न पाउनु पर्ने भनी भएको विवाद)* विवादित आदेशको यथावत कार्यान्वयन भएमा निवेदकलाई अपूरणीय क्षति पुग्न जाने देखिएकोले उक्त विवादको निरोपण नहुँदासम्म राजस्व न्यायाधिकरणमा परेको पुनरावेदन सम्बन्धी काम कारवाही नरोक्नु, पुनरावेदन दर्ता र सुनुवाई प्रकृया अगाडि वढाउनु भन्ने उक्त निवेदन उपर सम्मानित सर्वोच्च अदालतबाट उत्प्रेषण आदेश भएको छ।

११. सर्वोच्च अदालतबाटै ०७२-RB-०४७० आयकर (२०६१/०६२) पुनरावेदक ठूला करदाता कार्यालय प्रत्यर्थी सूर्य नेपाल प्रा.लि. विरुद्धको मुद्दामा मिति २०७४।१०।२९ गते भएको फैसला अनुसार "राजस्व न्यायाधिकरणले गरेको आयकर ऐन,२०५८ को दफा ११५ को उपदफा (६) बमोजिमको प्रक्रिया पुरा गर्नु नपर्ने भनी गरेको व्याख्या कार्यविधि कानूनको सिद्धान्त विपरीत हुन्छ।कारवाही हुँदाका बखत कार्यान्वयनमा नै नरहेको कानूनी व्यवस्था आकर्षित हुने भनी राजस्व न्यायाधिकरण, काठमाण्डौबाट भएको फैसलालाई न्यायोचित भन्न मिलेन। अतः विवेचित तथ्य सिध्दान्त एवं प्रमाणको आधारमा आयकर ऐन, २०५८ को दफा ११५ उपदफा (६) को व्यवस्था आर्थिक अध्यादेश २०६१/०६२ बाट खारेज भई धरौटी राख्ने व्यवस्था नगरेकोले आन्तरिक राजस्व विभागको निर्णय बदर गरी अब जो जे बुझ्नु पर्छ बुझी पुनः यकिन निर्णय गर्नु भनी राजस्व न्यायाधिकरण, काठमाण्डौबाट भएको फैसलालाई कानूनसम्मत मान्न मिलेन। उक्त फैसला बदर भई उल्टी हुने ठहर्छ" भनिएको छ।

१२. प्रचलित आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र भन्सार ऐनहरुमा तत् तत् आर्थिक वर्षका लागि विधायीकावाट जारी भएकन आर्थिक ऐनद्वारा भएको संशोधन र सम्मानित सर्वोच्च अदालतका उल्लिखित फैसला अनुसार नै पुनरावलोकनका लागि निवेदन दिँदा र पुनरावेदन दर्ता गर्दा मूल्य अभिवृद्धि कर/आयकर तर्फको निर्धारित (विवादित) करको लागि पुनरावेदन पत्र आर्थिक वर्ष २०७५/०७६ सम्म क्रमशः विवादित रकमको ३३ प्रतिशत राजस्व र ५० प्रतिशत धरौटी गरी ८३ प्रतिशत रकम दाखिला गर्नु पर्ने, आर्थिक वर्ष २०७६/०७७ देखि आर्थिक वर्ष २०७८/०७९ सम्म विवादित रकमको २५ प्रतिशत राजस्व र ५० प्रतिशत धरौटी गरी ७५ प्रतिशत रकम दाखिला गर्नु पर्ने, र आर्थिक वर्ष २०७९/०८० देखि विवादित रकमको २५ प्रतिशत राजस्व र २५ प्रतिशत धरौटी गरी ५० प्रतिशत रकम धरौटी बापत दाखिला भएको प्रमाणित भौचर पुनरावेदन पत्र साथ संलग्न गरी पुनरावेदन दर्ता गर्नु पर्ने उल्लेख छ। साथै भन्सार तथा अन्तःशुल्क तर्फ भने निर्धारित (विवादित) अन्तःशुल्क

तथा भन्सार महशुल रकमको शत प्रतिशतले हुने रकम सम्बन्धित कर निर्धारण गर्ने अधिकृतले तोके बमोजिम धरौटी दाखिला गरी सोको प्रमाणित भौचर संलग्न गराएर मात्र पुनरावेदन पत्र दर्ता गर्नु पर्ने उल्लेखछ। प्रस्तुत मुद्दाको मिसिल सम्लग्न गरेका प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिने क्रममा र सो पश्चात संघीय सर्वसञ्चित कोषमा दाखिला गरेको पुनरावेदकले धरौटी भनेको राजस्व खातामा दाखिला भएका अप्रमाणित फोटोकपी भौचरहरुमा उल्लेख भएअनुसारको रकमलाई समेत गणना गर्दा पनि पुनरावेदन दर्ता गर्दा प्रचलित ऐन अनुसार अनिवार्यरुपमा राख्नु पर्ने रु.१,०४,४३७।- धरौटी नपुग भएको अवस्थामा पनि पुनरावेदन दर्ता गरेको पाइयो।

१३. सर्वोच्च अदालतको मिति २०६६।१२।१९ को आदेशबाट समेत संवैधानिक परीक्षण भई सदर ठहरिएको राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) "प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत न्यायाधिकरणमा वा उच्च अदालतमा पुनरावेदन गर्दाका देहायबमोजिम धरौट नराखी पुनरावेदन लाग्ने छैन" भन्ने व्यवस्था रही ऐ. को खण्ड (क) मा मूल्य अभिवृद्धि कर तर्फ राख्नु पर्ने विवादरहित कर बाहेकको थप निर्धारित (विवादित) कर रु.२,०८,८७४।- को क्रमशः राजस्व एक तिहाई र धरौटी ५० प्रतिशत समेत रु.१,७४,०६१।६७ दाखिला प्रमाण मिसिल संलग्न गरेको देखिएन। प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएको मिति २०७५।०५।१४ पश्चात राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) अनुसार पचास प्रतिशतले हुने धरौटी रु.१,०४,४३७।- धरौटी राख्नु पर्नेमा सो दाखिला गरेको प्रमाण मिसिल सम्लग्न नभएकोले रु.१,०४,४३७।- अपुग पुनरावेदन धरौटी दाखिलाको सक्कल बैक भौचर वा निस्सा १५ दिनभित्र पुनरावेदकलाई दाखिला गर्न लगाई सो आदेश बमोजिमको काम सम्पन्न भएपछि वा सो अवधि नाघेपछि नियमानुसार पेश गर्ने आदेश गर्नु उपयुक्त हुने राय म लेखा सदस्यबाट राख्दा समेत मेरो उक्त रायमा असहमति जनाउँदै सहकर्मीद्वय कानून सदस्य र राजस्व सदस्यबाट फैसला गर्ने निर्णय भएकोमा उक्त दफा ९ को उपदफा (१) बमोजिम हुने रु.१,०४,४३७।- धरौटी नराखी पुनरावेदन दर्तै नलाग्ने पुनरावेदन दर्ता भएको देखिएको प्रस्तुत मुद्दाको तथ्य भित्र प्रवेश गरी भएको फैसला तथा ठहरमा सहमत हुन सकिएन।

१४. उल्लिखित कानूनी व्यवस्था र पुनरावेदनमा भएका तथ्यहरु समेतको आधारमा निर्णय तर्फ विचार गर्दा सहकर्मीद्वय कानून तथा राजस्व सदस्यले प्रस्तुत मुद्दामा करदाताले राख्नुपर्ने धरौटी रकमको सम्बन्धमा फरक राय प्रकट गर्नु भएकोले पुनरावेदक करदाताले यस न्यायाधिकरणमा यो पुनरावेदन दर्ता गर्दा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१) को परिपालना गरेको देखिन्छ वा

देखिदैन भन्ने प्रश्न तर्फ थप विचार गर्नु पर्ने देखियो। राजस्व न्यायाधिकरण ऐन, २०३१ कोदफा ९ को (१) मा **"प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन अन्तर्गत न्यायाधिकरणमा पुनरावेदन गर्दा देहाय बमोजिम धरौटी नराखी पुनरावेदन लाग्ने छैन भन्ने कानूनी व्यवस्था गर्दै खण्ड (क) मा कर निर्धारण भएकोमा निर्धारित करको पचासप्रतिशत रकम र जरिवाना भएकोमा जरिवानाको रकम र दुवै भएकोमा निर्धारित करको पचासप्रतिशत रकम र जरिवानाको रकम त्यस्तो निर्धारण गर्ने वा जरिवाना गर्ने अधिकृतले नै तोकिदिएको कार्यालयमा"** भन्ने कानूनी व्यवस्था रहेको छ।प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिँदा र सो अघि ऐनको अनिवार्य व्यवस्था मूताविक दाखिला गर्नु पर्ने राजस्व शिर्षक मार्फत सर्वसञ्चित कोषमा दाखिला गरेको राजस्व रकम बाहेक पुनरावेदन दर्ता गर्न राख्नुपर्ने सो व्यवस्था अनुरुप धरौटी दाखिला गरेको प्रमाण मिसिल संलग्न गरेको पाइएन। गतविगत आर्थिक वर्षमा सर्बसञ्चित कोषमा दाखिला भएको कर राजस्व रकमलाई समेत धरौटीको रुपमा गणना गरी पुनरावेदन दर्ता गर्न मिल्ने व्यवस्था प्रचलित कुनै पनि ऐन तथा नियममा भएको नपाइएको र पुनरावेदकले पुरा गर्नु पर्ने कार्यविधि कानूनको पालना नभएको प्रस्तुत पुनरावेदकको पुनरावेदन पत्रको तथ्य भित्र प्रवेश गरी फैसला गर्दा प्रत्यर्थीलाई अन्याय हुनुको साथै राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) मा भएको व्यवस्था विपरित हुने भएकोले बहुमतको उल्लिखित फैसलामा सहमत हुन सकिएन । अतः राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्दा राख्नुपर्ने धरौटी सम्बन्धमा आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ६३ हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६२, सर्बोच्च अदालतबाट रिट नं. २०६३-WS-००१३ देखि रिट नं. २०६३-WS-००१७ समेतका रिट निवेदन र मुद्दा नं. ०७२-RB-०४७० आयकर (०६१/०६२) का फैसलामा भएको व्याख्या विश्लेषण र प्रतिपादित सिद्धान्त तथा ठहर समेत बमोजिम पनि अनिवार्यरुपमा राख्नु पर्ने धरौटी नराखी पुनरावेदन दर्तै नहुने पुनरावेदन दर्ता भएको मुद्दाको तथ्य भित्र प्रवेश गरी निर्णय गर्न नमिल्ने र औचित्य नै नहुने देखिएको प्रस्तुत मुद्दामा सहकर्मीद्वयबाट *"पुनरावेदक करदाता त्रिवेणी स्पिनिङ्ग मिल्स प्रा.लि. (स्थायी लेखा नं. ३००१०२९०५) को ठूला करदाता कार्यालयले आ.व २०७३/०७४ को मूल्य अभिबृद्धि करतर्फ अन्तिम कर निर्धारण गरेको मिति २०७४।०४।१३ को निर्णय उपर प्रशासकिय पुनरावलोकनको निर्णय सुनी थप विक्री कायम गरी कर निर्धारण गरेको सम्बन्धमा पुनःकर निर्धारण गर्नुपर्ने र मूल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा ८(३) बमोजिम कर निर्धारण गरेको निर्णयसम्म सदर गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।१२।१७ मा भएको निर्णय मिलेकै देखिँदा*

*सदर हुने ठहर्छ"* भनि भएको बहुमत फैसलामा सहमत हुन नसकी देहाय बमोजिम फरक राय सहितको ठहर गर्दछुः-

१५. यसमा पुनरावेदक करदाता त्रिवेणी स्पिनिङ्ग मिल्स प्रा.लि पिपरा बारा (स्थायी लेखा नं.३००१०२९०५) को मू.अ.कर (२०७३/०७४) तर्फको मुद्दामा मूल्य अभिवृद्धि कर ऐन,२०५२ दफा ३३ तथा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) खण्ड (क) मा भएको व्यवस्था अनुसार पुनरावलोकनका लागि निवेदन दिँदा र पुनरावेदन पत्र दर्तागर्दा दाखिल गर्नु पर्ने राजस्व तथा धरौटी सम्बन्धमा प्रचलित ऐन तथा नियमहरुमा भएको व्यवस्था सम्बन्धमा सर्वोच्च अदालतबाट २०६३-WS-००१३ देखि २०६३-WS-००१७ समेतका रिट तथा ०७२-RB-०४७० आयकर मुद्दामा भएको व्याख्या, विश्लेषण र प्रतिपादित सिद्धान्त अनुसार समेत राख्नु पर्ने ठहरिएको च.नं. १०५५ मिति २०७५।०४।१४ को पत्रानुसारको निर्धारित (विवादित) कर रु.२,०८,८७४।- को पचास प्रतिशतले हुने रु.१,०४,४३७।- धरौटी दाखिल नगरी/नगराई दर्ता भएको प्रस्तुत पुनरावेदनको तथ्य भित्र प्रवेश गरी निर्णय गर्न मिलेन। यस अवस्थामा माननीय अध्यक्ष तथा कानून सदस्य र राजस्व सदस्यबाट प्रशासकीय पुनरावलोकनका लागि निवेदन दर्ता गरेको मिति मिति २०७५।०५।१४ भन्दा अगाडि सर्वसञ्चितकोषमा दाखिला गरी आय विवरणमा समावेश गरेको रकमलाई समेत गणना गरी प्रचलित ऐनहरु अनुसार दाखिला गर्नै पर्ने पचास प्रतिशत धरौटी सहित कुल विवादित करको ८३.३३ प्रतिशत रकम दाखिला नभएको अवस्थामा राजस्व खातामा दाखिला भएको रकमलाई जोडर ५० प्रतिशत धरौटी पुग्छ भनि भएको बहुमतको फैसलामा सहमत हुन सकिएन । प्रस्तुत पुनरावेदन दर्ता हुँदा कै बखत देखि खारेज हुने ठहर्छ।करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन।

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

इजलास अधिकृतः सरिता रिजाल

कम्प्यूटर टाइपः चन्द्रबहादुर नेपाली

इतिसम्बत २०७९ साल भदौ २६ गते रोज १ शुभम......

प्रमाणिकरण मितिः-

प्रमाणिकरण गर्नेः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप